**सुदूरपश्चिम विश्वविद्यालय**

**शिक्षाशास्त्र सङ्काय**

**सत्रप्रणालीमा आधारित शिक्षा स्नातक कार्यक्रम**

**पाठ्यांश शीर्षक : अनिवार्य नेपाली–२** **प्रकृति :** सैद्धान्तिक

**विषय सङ्केत नं. :**C.Nep.120 **पाठ्यघण्टा :** ३

**तहः स्नातक** **शिक्षण घन्टी** : ४८

**सत्र** :द्वितीय

## १. पाठ्यांश परिचय

प्रस्तुत पाठ्यांश शिक्षाशास्त्र सङ्कायअन्तर्गत सत्र प्रणाली (आठ सेमेस्टर) मा आधारित बी.एड. कार्यक्रममा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको हो । यसबाट विद्यार्थीहरूमा नेपाली भाषाका पठनबोध, शब्दभण्डार, संसक्ति, सूचनाको रूपान्तरण, बुँदाटिपोट, अनुच्छेद लेखन, प्रतिवेदन लेखन र निबन्ध लेखन,बोध तथा अभिव्यक्ति क्षमताकोविकास गर्ने ध्येय लिइनुका साथै नेपाली भाषाका शब्द, वाक्यरचना र अनुच्छेद तथा निबन्ध रचनाका तहमा विद्यार्थीहरूले आआफ्ना विचार अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गर्ने अपेक्षा गरिएको छ ।

## २.उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नानुसार भाषिक सिप आर्जन गर्न सक्षमहुनेछन् :

(क) नेपाली वाङ्मयका विविध क्षेत्रका गद्यांशहरू पढी तिनलाई बुझेर आफ्नो भाव अभिव्यक्त गर्न,

(ख) पठित गद्यांशहरूमा प्रयुक्त शब्दहरूको स्रोत, वर्ग, बनोट तथा अर्थको पहिचान गर्न र सन्दर्भपूर्ण प्रयोग गर्न,

(ग) कोशीय तथा व्याकरणिक संसक्ति पहिचान र प्रयोग गर्न,

(घ) सूचनाको रूपान्तरण गर्न,

(ङ) सम्बद्ध गद्यांशको बुँदाटिपोट र सङ्क्षेपीकरण गर्न,

(च) विविध विषयवस्तुमा आधारित भई स्वतन्त्र रूपमा विभिन्न प्रकारका अनुच्छेदमा अभिव्यक्ति दिन,

(छ)विभिन्न विषयमा आत्मपरक तथा वस्तुपरक निबन्ध लेख्न र

(ज) विभिन्न प्रयोजनका लागि प्रतिवेदन तयार गर्न ।

## ३. विस्तृत विषयवस्तु र विशिष्ट उद्देश्य

| विशिष्ट उद्देश्यहरू | विषयवस्तु |
|---|---|
| क) नेपाली वाङ्मयका विभिन्न क्षेत्रसँग सम्बन्धित पाठ वा पाठांशको पठन गरीत्यसलाई अभिव्यक्त गर्न । | **एकाइ एक : पठनबोध (पाठघन्टी १०)**<br>नेपाली वाङ्मयका अर्थव्यवस्था, भूगोल, ऊर्जा, वातावरण, जैविक विविधता, विज्ञानप्रविधि, स्वास्थ्य, खेलकुद, भाषासाहित्य, सञ्चार, समाज, कृषि, दर्शन, संस्कृति, मनोविज्ञान, कानुन, वन, जीवजन्तु आदि क्षेत्रसँग सम्बन्धित सामान्य तथा विशिष्टपाठ वा पाठांशमा आधारित तथ्यात्मक, अनुमानात्मक, निष्कर्षात्मक, रसंरचनात्मक प्रकृतिका प्रतिक्रियामूलक तथा बहुवैकल्पिक बोधात्मक अभ्यास |
| क)निर्दिष्ट शब्दहरूको स्रोत, शब्दवर्ग र बनोट प्रक्रियापहिल्याउन,<br>ख) गद्यांशमाप्रयुक्तपारिभाषिक तथा प्राविधिकपदवापदावलीहरूको अर्थ | **एकाइ दुई : नेपाली शब्दभण्डार (पाठघन्टी ८)**<br>२.१ शब्दस्रोत (तत्सम, तद्भव र आगन्तुक)<br>२.२ शब्दवर्ग (विकारीः नाम, सर्वनाम, विशेषण र क्रिया अविकारी : नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपात)<br>२.३ शब्दबनोट प्रक्रिया र बनोटको पहिचान |

| | |
|---|---|
| खुलाउन र तदनुरूप प्रयोग गर्न । | २.३.१ उपसर्गबाट बनेका शब्द<br>२.३.२ प्रत्ययबाट बनेका शब्द<br>२.३.३ समासबाट बनेका शब्द<br>२.३.४ द्वित्व प्रक्रियाबाट बनेका शब्द<br>२.४ पारिभाषिक तथा प्राविधिक शब्दार्थ र प्रयोग |
| क) अनुच्छेदमा प्रयुक्त व्याकरणिक र कोशीय संसक्तिको पहिचान गर्न,<br>ख) संसक्तिको प्रयोग गरी अनुच्छेद रचना गर्न । | **एकाइ तीन : संसक्ति (पाठघन्टी ५)**<br>३.१ व्याकरणिक संसक्ति : सार्वनामिक, कालिक, स्थानिक, संयोजन सम्बन्धी, पुनरावृत्तिमूलक, प्रतिस्थापनमूलक र लोपमूलक<br>३.२.कोशीय संसक्ति : पर्यायवाची, विपरीतार्थी, समावेशी, अनेकार्थी, सन्निधानमूलक र प्रकारान्तर कथन<br>३. ३ प्रयोग र अभ्यास :विवरणात्मक, तार्किक र विश्लेषणात्मक अनुच्छेदमा संसक्तिको प्रयोग र अभ्यास |
| क) तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भचित्रको सूचनालाई अनुच्छेदमा रूपान्तरण गर्न,<br>ख) अनुच्छेदको सूचनालाई तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भचित्रमा रूपान्तरण गर्न,<br>ग) तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भ चित्रलाई परस्पर रूपान्तरण गर्न । | **एकाइ चार : सूचनाको रूपान्तरण (पाठघन्टी४)**<br>४.१ तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भचित्रबाट अनुच्छेदमा रूपान्तरण<br>४.२ अनुच्छेदबाट तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भ चित्रमा रूपान्तरण<br>४.३तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भ चित्रलाई परस्पर रूपान्तरण |
| क) निर्धारित अनुच्छेदबाट बुँदाटिपोट गर्न,<br>ख) नेपाली वाङ्मयका विविध क्षेत्रसँग सम्बन्धित गद्यांशको सङ्क्षेपीकरण गर्न । | **एकाइ पाँचः बुँदाटिपोट र सङ्क्षेपीकरण (पाठघन्टी ४)**<br>५.१विविध विषयसँग सम्बन्धित गद्यांशबाट बुँदाटिपोट<br>५.२ विविध विषयसँग सम्बन्धित गद्यांशको सङ्क्षेपीकरण |
| क) विविध विषयमा आधारित भई विभिन्न प्रकारका स्वतन्त्र तथा निर्देशित अनुच्छेद रचना गर्न । | **एकाइ छः अनुच्छेदरचना (पाठघन्टी ५)**<br>६.१ वस्तुपरक, आत्मपरक, तार्किक, विश्लेषणात्मक, विवरणात्मक, आख्यानात्मक र आलङ्कारिक अनुच्छेदका ढाँचाको पहिचान<br>६.२ निर्देशित तथा स्वतन्त्र अनुच्छेद लेखन |
| क)दिइएकाशीर्षकमाआत्मपरक तथा वस्तुपरक निबन्ध रचनागर्न,<br>ख) घटना, समारोह, भ्रमण र निरीक्षणमा आधारित भई निर्धारित ढाँचामा प्रतिवेदन तयार गर्न । | **एकाइ सात : निबन्ध र प्रतिवेदन लेखन (पाठघन्टी ९)**<br>७.१ आत्मपरक तथा वस्तुपरक निबन्ध रचना<br>७.२ घटना, समारोह, भ्रमण र निरीक्षणमा आधारित प्रतिवेदन लेखन |

## ४. शिक्षण प्रक्रिया

यो पाठ्यांशमुख्यतः विद्यार्थीहरुको भाषिकसिपको विकाससँग सम्बन्धितभएकाले यसलाई अभ्यासमा केन्द्रित गरी सञ्चालन गरिनुपर्छ । यस क्रममाविभिन्नएकाइका पाठ्यवस्तुलाई निम्नानुसार शिक्षण गरिनु आवश्यक छ :

क) एकाइ एकको शिक्षणका क्रममाविभिन्नविषय क्षेत्रका गद्यांशहरू विद्यार्थीहरूलाई मौनपठन गर्न लगाई बोधको अभ्यास गराउनुपर्नेछ । यस क्रममाविभिन्नतहकाप्रश्नदिई विषयगत र वस्तुगत दुवै प्रकृतिकाबोध प्रश्नोत्तर गराउनु आवश्यक छ।

(ख) एकाइ दुईको शिक्षणका क्रममाएकाइ एकमाप्रयुक्त गद्यांशहरूबाट शब्दस्रोतको पहिचान, शब्दवर्ग पहिचान र शब्दहरूको बनोट पहिचान विशेष अभ्यास गराउनुपर्नेछ । साथै विशेष खालकाशब्दवापदावलीहरुको शब्दार्थ र शब्दप्रयोगको अभ्याससमेत गराउनुपर्नेछ । यसकालागिशब्दकोशको समेत प्रयोग गर्न सकिनेछ ।

(ग) एकाइ तीनको शिक्षणका क्रममा विभिन्न अनुच्छेदमा प्रयुक्त व्याकरणिक संसक्तिअन्तर्गत सार्वनामिक, कालिक, स्थानिक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन र लोप तथा कोशीय संसक्तिअन्तर्गत पर्यायवाची, विपरीतार्थी,समावेशी, अनेकार्थी, सन्निधान रप्रकारान्तर कथन जस्ता संसक्तिले केकस्तो संसक्त गरेका छन् त्यसबारे पहिचान र प्रयोगबारे अभ्यास गराइनेछ ।

(घ) एकाइ चारको शिक्षणका क्रममा उल्लिखित सूचनाको रूपान्तरणमा तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भचित्रबाट अनुच्छेदमा र अनुच्छेदबाट तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भचित्रमा रूपान्तरण गर्न र तालिका, वृत्तचित्र, रेखाचित्र र स्तम्भचित्रलाई परस्पर रूपान्तरण गर्ने अभ्यास गराइनेछ ।

(ङ) एकाइ पाँचको बुँदाटिपोट र सङ्क्षेपीकरणको अभ्यास गराउँदाशिक्षकले उपयुक्तगद्यांशहरूको छनोट गरी तिनबाट प्रमुखबुँदा टिप्ने तरिका र सङ्क्षेपीकरण गर्ने तरिकाको अभ्यासगराउने र सोहीअनुसार अन्यगद्यांशहरूबाट थपअभ्यास गराउनुपर्नेछ ।

(च)एकाइ छको अनुच्छेद लेखनमा वस्तुपरक, आत्मपरक, तार्किक, विश्लेषणात्मक, विवरणात्मक, आख्यानात्मक र आलङ्कारिक अनुच्छेदको पहिचान गरी तत्सम्बन्धी ढाँचामा अनुच्छेद लेखन गराउनुपर्नेछ ।

(छ) एकाइ सातमाउल्लिखितलिखित रचनाहरूको कौशल बढाउन तत्सम्बन्धीअभिव्यक्तिहरूको कक्षामानमुनाप्रदर्शन गरी शिक्षकले छलफल गराउनुपर्नेछ । त्यसपछि निर्धारित रचनाहरूकालागिविद्याथीहरूलाई सहजहुने शीर्षकहरूको छनोट गरेर तिनलाई कक्षाकार्यका रूपमाबारम्बार अभ्यास गराउनुपर्नेछ ।

## ५. आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

क) **कक्षा गतिविधिहरूमा उपस्थिति र सहभागिता** : ५+५ =१०अङ्क

**ख) मूल्याङ्कन (असाइनमेन्ट) १ : प्रतिबिम्बात्मक टिप्पणीहरू र कक्षा प्रस्तुतीकरण**: ५+५ =१० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नहरूमा प्रतिबिम्बात्मक टिप्पणीहरू र तीमध्ये कुनै दुई प्रश्नको प्रस्तुतीकरण)

**ग) मूल्याङ्कन (असाइनमेन्ट) २ : अध्ययनपत्र, निबन्ध, परियोजना र अन्तर्वार्ता** : ५+५ =१०अङ्क
(विद्यार्थीहरूले छानेका तथा शिक्षक एव. अन्तर्वार्ताद्वारा अनुमोदित गरिएका विषयहरूमा तार्किक निबन्ध, अध्ययनपत्र वा परियोजना )

**घ) मध्यसत्र परीक्षा** १० अङ्क

## ६. बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| प्रश्नका प्रकारहरू | सोधिने जम्मा प्रश्नहरू | जवाफ दिनु पर्ने प्रश्नहरूको संख्या र छुट्याइएको अंक | कुल पूर्णाङ्क |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक प्रश्नहरू** | १० ओटा प्रश्न | **१०×१** | **१०** |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू** | दुइटा अथवासहित ६ ओटा प्रश्न | **६×५** | **३०** |
| **समूह 'ग' लामो उत्तरात्मक प्रश्नहरू** | एउटा अथवासहित २ ओटा प्रश्न | **२×१०** | **२०** |

## ६. सन्दर्भ सामग्री


अधिकारी, हेमाड्गराज र भट्टराई बद्रीविशाल ( २०६९, दोसं.). *प्रयोगात्मक नेपालीशब्दकोश.* विद्यार्थी पुस्तक भण्डार ।

अनिवार्य नेपालीविषय समिति, त्रि.वि. पाविके (२०६६). *अनिवार्य नेपाली शिक्षण निर्देशिका,*साझाप्रकाशन ।

आचार्य, व्रतराज र गौतम, देवीप्रसाद (२०६१),*विशेष नेपाली : प्रयोजनपरक बोध र लेखन,* विद्यार्थी पुस्तक भण्डार ।

कडायत, हरिकृष्ण, जोशी, गणेशराज, बम, सुरेन्द्रकुमार र बडू, प्रकाशचन्द्र (२०७८), *सम्प्रेषणका लागि नेपाली,* पिनाकल प्रकाशन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९), *प्रज्ञा नेपाली बृहत् शब्दकोश,* नेप्रप्र ।

भण्डारी, पारसमणि, गौतम देवीप्रसाद, ओझा रामनाथ (२०७८), *स्नातक नेपाली,* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, लालानाथ (२०६१),*नेपालीबोध र रचनाकौशल,*हिमालय बुक स्टल ।